# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१३ | काठमाडौं | शुक्रबार, २९ फागुन २०८२ | Prabhab National Daily | Friday, 13 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




**खाली सिलिन्डर बुझाइँदै** | तनहुँको दमौलीमा ग्यासको अभाव देखिएसँगै स्थानीय सुदीप गफ्फार बिहीबार जिल्ला प्रशासन कार्यालय तनहुँका प्रशासकीय अधिकृत विकास श्रेष्ठलाई खाली सिलिन्डर बुझाउँदै। *तस्बिर: कृष्ण न्यौपाने/रासस*

## खाना पकाउने ग्यास अब आधा सिलिन्डरमात्र

हालको परिस्थितिलाई दृष्टिगत गरी एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाई आम उपभोक्ताको माग बमोजिम ग्यास उपलब्ध हुने अवस्थाको सहजीकरणका लागि निगमले शुक्रबारदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म ग्यास सिलिन्डरमा ७.१ केजी एलपी ग्यास भरी प्रति सिलिन्डर ९५५ रूपैयाँमा बिक्री वितरण गर्ने निर्णय भएको हुँदा आम उपभोक्ता वर्गले सोही अनुसार एलपी ग्यास खरिद गर्न अनुरोध छ

**■ नेपाल आयल निगम**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** खाना पकाउने एलपी ग्यासको अभाव देखाउँदै नेपाल आयल निगमले आजबाट आधा भरेको सिलिन्डरमात्र बिक्री गर्ने भएको छ। निगमले खाडी मुलुकको तनावले आयात प्रभावित भएको भन्दै खाना पकाउने ग्यास आधामात्र भरेर बजारमा पठाउने निर्णय गरेको हो।

सिलिन्डरमा १५ केजी ग्यास बिक्री गर्दै आएको व्यवसायीलाई निगमले अब ९५५ रूपैयाँको ग्यास बिक्री गर्न अनुमति दिएको हो। 'हालको परिस्थितिलाई दृष्टिगत गरी एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाई आम उपभोक्ताको माग बमोजिम ग्यास उपलब्ध हुने अवस्थाको सहजीकरणका

▶▶ क्रमशः पृष्ठ २ मा

### सहज रूपमा ग्यास उपलब्ध गराउन माग गर्दै सर्वोच्चमा मुद्दा

काठमाडौं उपत्यकामा खाना पकाउने ग्यासको अभाव भएको भन्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। नेपाल ल क्याम्पसमा बीएएलएलबी सातौं सेमेस्टरमा अध्ययनरत विद्यार्थी रोशन आउजी र विवेक चौधरीले रिट दर्ता गरेका हुन्। बजारमा सहज रूपमा ग्यास उपलब्ध गराउन र आगामी दिनमा यस्तो समस्या दोहोरिन नदिन विपक्षीका नाममा परमादेश माग गर्दै उनीहरूले रिट दर्ता गरेका हुन्।

▶▶ क्रमशः पृष्ठ २ मा

## इनिसा विक मृत्यु प्रकरण
# अनुसन्धान गर्न सीआईबी सुर्खेतमा

- घटनाको थप अनुसन्धान गर्न सीआईबी टोली सुर्खेतमा
- १६ वर्षीय प्रेमीले बयानमा सहमतिमै करणी भएको तर अचानक अत्यधिक रक्तश्राप भएर इनिसा अचेत भएको दाबी
- पक्राउ परेकामध्ये तीन जनाको संलग्नता नभएको भनाइ
- इनिसाको शव छ दिनदेखि प्रदेश अस्पतालको शवगृहमा

■ **जेबी योञ्जन**



**काठमाडौं–** १६ वर्षीया इनिसा विकको बलात्कारपछि भएको हत्या प्रकरणको थप अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को विशेषज्ञ टोली सुर्खेत पुगेको छ। शव परीक्षण प्रतिवेदनमा बलपूर्वक यौनसम्पर्कका कारण अत्यधिक रक्तस्राव भएर इनिसाको मृत्यु भएको औंल्याइएपछि सीआईबी टोलीले थप वैज्ञानिक अनुसन्धान गर्ने भएको हो।

सीआईबीका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले घटनाको जटिलता र संवेदनशीलता हेरेर अनुसन्धानलाई थप वैज्ञानिक ढंगले अघि बढाइएको बताए। २३ फागुनमा इनिसाको हत्या भएको हो। भेरी अस्पताल नेपालगञ्जको फरेन्सिक विभागका वरिष्ठ अधिकृत अर्विन शाक्यका अनुसार इनिसाको यौनांगको भित्री र बाहिरी भाग गम्भीर रूपमा च्यातिएको पाइएको छ।

शाक्यले भने, 'यौनांगमा गहिरो चोट लागेको छ। त्यसका कारण अत्यधिक रक्तस्राव भएको पाइयो। उनको मृत्युको कारण त्यही भएको देखियो।' शव परीक्षण प्रतिवेदनमा मृतकको ढाडमा घस्रिएको चोटसमेत देखिएको उल्लेख छ। यद्यपि सामूहिक बलात्कार भएको वा नभएकोबारे प्रतिवेदनले स्पष्ट निष्कर्ष दिएको छैन। इनिसा सुर्खेतको उषा बालवाटिका विद्यालयमा कक्षा-११ मा अध्ययनरत थिइन्। उनी यही २३ फागुन बिहान ६ बजे ट्युसन पढ्न भन्दै घरबाट निस्किएकी थिइन्।

वीरेन्द्रनगर-१ मा बस्दै आएकी उनी लामो समयसम्म घर नफर्किएपछि आमा तिला विक चिन्तित बनेकी थिइन्। त्यसबीच करिब तीन घण्टापछि इनिसा जनजागरण सामुदायिक वन क्षेत्रमा अचेत अवस्थामा भेटिइन्। स्थानीय र प्रहरीले उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पुर्‍याए तर चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

घटनाको अनुसन्धान जिल्ला प्रहरी कार्यालय सुर्खेतले पनि गरिरहेको छ। घटनामा संलग्न भएको आरोपमा प्रहरीले चार जना किशोरलाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये एक जना १६ वर्षीय किशोर इनिसाको प्रेमी भएको बताइएको छ।

प्रहरीलाई दिएको बयानमा उनले इनिसासँग दुई वर्षदेखि प्रेम सम्बन्ध रहेको बताएका छन्।

उनका अनुसार २३ फागुन बिहान ७ बजेतिर इनिसासँग सल्लाह गरेरै उनीहरू सहिद पार्क नजिकको जंगलतर्फ गएका थिए। ती किशोरको बयान उद्धृत गर्दै अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले भने, 'हामी दुई वर्षदेखि सम्बन्धमा थियौं। पहिले पनि शारीरिक सम्पर्क भएको थियो।' उनका अनुसार त्यहाँ पुगेपछि केहीबेर गफगाफ भएको र त्यसपछि दुवैको सहमतिमा शारीरिक सम्बन्ध भएको थियो।

▶▶ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## इजरायल-इरान युद्ध लम्बिँदा बढ्दै सुरक्षा चिन्ता

### पश्चिम एसिया क्षेत्रको रोजगारीमा अनिश्चितता

■ **प्रभाव संवाददाता**



**काडमाडौं–** पश्चिम एसियामा जारी युद्धका कारण रोजगारीका लागि जाने तयारीमा रहेका हजारौं नेपाली श्रमिक अन्योलमा परेका छन्। युद्धविरामको टुंगो नभएको र त्यहाँ कार्यरतहरू नै असुरक्षामा हुँदा रोजगारी बन्द अवस्थामा छ।

युद्धका कारण वैदेशिक रोजगार विभागले पश्चिम एसियाका १२ मुलुकमा श्रम स्वीकृति बन्द गरेको छ। यस क्षेत्रमा साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, बहराइन, जोर्डन, ओमान, इराक, यमन, लेबनन, टर्की र इजरायल छन्। सरकारले नेपालीहरूको सुरक्षालाई मध्यनजर गर्दै उक्त निर्णय लिइएको जनाइएको छ। द्वन्द्वका कारण यी मुलुकहरूमा कार्यरत श्रमिकहरूसमेत जोखिममा परेका छन्। हालसम्म एक जना नेपालीको ज्यान गइसकेको छ भने १५ जना घाइते भएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा सात लाख ४१ हजार २९७ जना वैदेशिक रोजगारीमा जाँदा पाँच लाख २९ हजार २०२ जना पश्चिम एसियाका १२ मुलुकमा गएका थिए। त्यस्तै, आव २०८१/८२ मा आठ लाख ४९ हजार २६६ जना जाँदा छ लाख ५२ हजार ४१५ जना ती मुलुक पुगेको तथ्यांक छ। यो संख्या संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिने र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो। हरेक दिन औसतमा १५ सय हाराहारी नेपाली कामदार ती मुलुकमा जाने गरेका छन्। धेरै नेपालीहरू रोजगारीका लागि जाने क्षेत्रमा युद्धका कारण जोखिम बढ्दा जाने तयारीमा रहेका २०औं हजार कामदार रोकिएको देखिन्छ। खाडी मुलुकले अनिश्चितकालका लागि भन्दै मागपत्र प्रमाणीकरणसमेत बन्द गरेका छन्।

छ करोड २६ लाखभन्दा बढी जनसंख्या भएको जिसिसी राष्ट्रमा हाल तीन करोड ३५ लाखभन्दा आप्रवासी श्रमिक रहेको तथ्यांक छ। परराष्ट्र मन्त्रालयका अनुसार पश्चिम एसियाका १२ मुलुकमा १७ लाखभन्दा बढी नेपाली कामदार छन्। तीमध्ये युएईमा करिब सात लाख, साउदीमा तीन लाख ८४ हजार ८६५ र कतारमा तीन लाख ५७ हजार ९१३ जना रहेका छन्।

▶▶ क्रमशः पृष्ठ २ मा

## कम्बोडियाबाट १६ नेपालीको उद्धार

**काठमाडौं (प्रस)–** कम्बोडियामा गैरकानुनी काममा लगाइएका १६ जना नेपालीको उद्धार गरी नेपाल फर्काइएको छ। भिसाबिनै उक्त मुलुक पुर्‍याएर अनलाइन स्क्यामिङ, क्यासिनो, अनलाइन ठगीजस्ता कार्यमा लगाइएकाहरूको उद्धार गरी बिहीबार नेपाल पठाइएको थाइल्याण्डस्थित नेपाली दूतावासले जनाएको छ।

दूतावासका अनुसार अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीहरूलाई पनि नेपाल फर्काउने तयारी भइरहेको छ। स्क्यामिङ केन्द्रहरूले कामदारको राहदानी राख्ने गरेको र त्यहाँबाट ट्रान्सफर हुँदा राहदानी हराएको भन्ने गरेको पाइएको छ। यस्तो अवस्थामा दूतावासले निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र दिने गरेको छ।

दूतावासले सरकारले तोकेको मापदण्डबमोजिम श्रम स्वीकृति लिएरमात्र रोजगारीमा आउन अनुरोध गरेको छ। धेरै र छिटो पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यान्मार, थाइल्याण्डलगायतमा मुलुक नआउनसमेत भनेको छ। मंगलबारमात्रै थाइल्याण्ड दूतावासले म्यानमारका स्क्यामिङ केन्द्रहरूबाट उद्धार गरी तीन जना नेपालीलाई नेपाल फर्काएको थियो।

## समानुपातिकतर्फ दलको सिट संख्या बाँडफाँड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुने गरी दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गरी सार्वजनिक गरेको छ। आयोगले बिहीबार विज्ञप्ति जारी गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६०(२) अनुसार सम्बन्धित दलहरूले प्राप्त गरेको कूल सदर मत संख्याका आधारमा प्रचलित निर्वाचन कानुन बमोजिम तोकिएको थ्रेसहोल्ड (तीन प्रतिशत) पार गर्ने देहायका ६ दलबाट निर्वाचित हुने गरी दलले प्राप्त गर्ने सिट संख्या निर्धारण भएको जनाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ सिट, नेपाली कांग्रेसले २०, एमालेले १६, नेपाली कम्युनिष्ट पार्टीले नौ तथा श्रम संस्कृति पार्टीले र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार/चार सिट प्राप्त गरेका छन्। समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न भई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० अनुसार आयोगको बिहीबारको निर्णय बमोजिम सिट बाँडफाँटसमेत गरिएको हो।

> “ राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ सिट, नेपाली कांग्रेसले २०, एमालेले १६, नेपाली कम्युनिष्ट पार्टीले नौ तथा श्रम संस्कृति पार्टीले र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार/चार सिट प्राप्त गरेका छन्
>
> प्रत्यक्षतर्फ रास्वपाले १२५, नेपाली कांग्रेसले १८, नेकपा एमालेले ९, नेपाली कम्युनिष्ट पार्टीले ८ तथा श्रम संस्कृति पार्टीले ३ र राष्ट्रिय प्रजातन्त्र पार्टीले १ सिट प्राप्त गरेका छन्

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा कूल एक करोड ८९ लाख ३ हजार ६८९ मतदातामध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ जनाले मतदान गरेका र त्यसमध्ये एक करोड ५ लाख ५९ हजार १७ (९४.५५%) मत सदर भएको छ। त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ जनाले मतदान गरेकामा एक करोड ८ लाख ३५ हजार २५ (९६.०५%) मत सदर भएको छ।

उल्लिखित सिट संख्याअनुसार ऐनको दफा ६०(४), प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४१ तथा प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा ३५ बमोजिम तीन दिनभित्र उम्मेदवारको नाम छनोट गरी आयोगसमक्ष पेस गर्न सम्बन्धित राजनीतिक दललाई पत्राचार गरिएको आयोगले जनाएको छ।

### साहको नाम कालोसूचीमा नराख्न आदेश

सर्वोच्च अदालतले धनुषा-१ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार किशोरी साह कमलको नाम कालोसूचीमा राख्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ।

▶▶ क्रमशः पृष्ठ ५ मा

## पृष्ठ १ बाट क्रमश:

### इनिसा विक...

तर, त्यसक्रममा अचानक इनिसाको यौनांगबाट अत्यधिक रक्तस्राव हुन थालेको उनले बताएका छन् । त्यसपछि आफू आत्तिएको उनको भनाइ छ। लगत्तै आफ्ना साथीहरूलाई बोलाएको र तीन जना घटनास्थलमा आएको पनि बताएको अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले बताए । ती किशोरहरूले नजिकैको गाउँमा गएर स्थानीयलाई घटनाबारे जानकारी गराएको र स्थानीयले बिहान ९ :४५ मा प्रहरीलाई खबर गरेका थिए। प्रहरी घटनास्थलमा पुगेर उनलाई अस्पताल पुऱ्याउँदा बिहान १० बजिसकेको थियो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता मोहनजंग बुढथापाका अनुसार प्रहरी घटनास्थलमा पुग्दा किशोरीको अवस्था अत्यन्त गम्भीर रहेको देखेको थियो । 'हामी घटनास्थल पुग्दा इनिसाको शरीरमा कपडा थिएन। तल्लो भाग रगतले भिजेको थियो र उनी अचेत अवस्थामा थिइन्,' उनले भने । घटनाको अनुसन्धान गरिरहेको प्रहरीले सीसीटीभी फुटेजको पनि विश्लेषण गरेको छ । फुटेज हेर्दा घटनाअघि इनिसा र उनका प्रेमी वीरेन्द्रनगर क्षेत्रमा सँगै हिँडिरहेको दृश्य देखिएको छ । उनीहरू जनजागरण सामुदायिक वनतर्फ हात समाएर हिँडिरहेको फुटेज प्रहरीले फेला पारेको जनाएको छ । घटनाको संवेदनशीलता र जटिलतालाई ध्यानमा राख्दै थप अनुसन्धानका लागि बिहीबार नै सीआईबीबाट प्रहरी निरीक्षकको टोली सुर्खेत पुगेको हो । टोलीले अनुसन्धान थालेको छ ।

सुर्खेतका प्रहरी प्रमुख (एसपी) सुधीरराज शाहीले घटनासँग सम्बन्धित डिजिटल प्रमाण, मोबाइल फोन र अन्य विद्युतीय सामग्री फरेन्सिक परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला पठाएको बताए । उनका अनुसार नशालु पदार्थ प्रयोग भएको थियो कि थिएन भन्ने पत्ता लगाउन रगतको नमुना पनि पठाइएको छ। कर्णाली प्रदेश प्रहरी कार्यालयबाट पोलिग्राफ परीक्षण गर्ने टोली पनि सुर्खेत पुगेको एसपी शाहीले बताए ।

मृतकको शव भने छ दिन बितिसक्दा पनि प्रदेश अस्पताल सुर्खेतको शवगृहमा राखिएको छ । परिवारले भने सामूहिक बलात्कारपछि हत्या भएको दाबी गर्दै न्याय सुनिश्चित नभएसम्म शव नबुझ्ने अडान लिएका छन् । घटनापछि इनिसाको बुबा इन्द्रबहादुर विक पनि दुबईबाट वीरेन्द्रनगर आइपुगेका छन् । उनले घटनाको सत्यतथ्य छानबिन गरेर दोषीलाई कडा कारबाहीको माग गरेका छन् ।

■■■

### खाना पकाउने...

लागि निगमले शुक्रबारदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म ग्यास सिलिन्डरमा ७.१ केजी एलपी ग्यास भरी प्रति सिलिन्डर ९५५ रूपैयाँमा बिक्री वितरण गर्ने निर्णय भएको हुँदा आम उपभोक्ता वर्गले सोही अनुसार एलपी ग्यास खरिद गर्न अनुरोध छ,' आयोगले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । खाडी तनावअघि नै व्यवसायीले ग्यास लुकाउन थालेपछि ग्यासको अभाव देखिएको थियो । त्यतिबेला आयल निगमका अधिकारीले ग्यास अभाव नभएको दाबी गर्दै आएको थियो। त्यतिबेला नेपाल ग्याससलगायत केही ग्यास कम्पनी र निगमले आफ्नो डिपोबाट सर्वसाधारणका लागि ग्यास बिक्रीसमेत खुला गरेको थियो । तर पछिल्लो हप्ता भने ग्यास अभाव चर्किएपछि आधा सिलिन्डरको नीति अपनाएको हो ।

आयोगले शुक्रबार जारी गरेको विज्ञप्तिमा पनि तीन महिनायता उपत्यकामा ग्यासको उच्च माग देखेको तर्क प्रस्तुत गरेको छ। 'निगमले नियमित रूपमा माग अनुरूप नै एलपी ग्यासको आयात तथा वितरण गरिरहेको भए तापनि विगत दुई/तीन महिनादेखि काठमाडौं उपत्यकामा ग्यासको माग उच्च देखिएको विषय सर्वविदित नै छ,' विज्ञप्तिमा भनिएको छ। तर निर्वाचनसँगै इजरायल-इरान द्वन्द्व देखाउँदै बजारमा ग्यास अभाव हुन थालेपछि निगमले आधा सिलिन्डर ग्यास बजारमा ल्याउन लागेको हो । निगमले भनेका छ, 'यसैबीच मध्यपूर्व क्षेत्रमा भइरहेको युद्धका कारण पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको छ ।'

अमेरिका र इजरायलको संयुक्त आक्रामण खेपेको इरानले स्ट्रेट अफ होर्मुज बन्द गरेपछि अहिले तेल र ग्यासको बजारमा तनाब बढेको हो । स्ट्रेट अफ होर्मुज सबैभन्दा बढी तेल तथा ग्यास निर्यात हुने नाका हो । जुन नाका बन्द भएसँगै नेपालमा पनि ग्यासको अभाव निम्नित सक्ने भन्दै यसलाई सहजीकरण गर्न सिलिन्डरमा ७.१ केजीमात्र ग्यास भर्ने निर्णय गरेको निगमले जनाएको छ ।

निगमका निर्देशक विनितमणि उपाध्यायले भारतबाट आउने परिणाम घटेका कारण निगम यो निर्णयमा पुगेको जनाएको छ । 'खाडी मुलुकको तनावपछि भारतबाट आउने परिणाम घटेसँगै हामीले बाध्य भएर आधार सिलिन्डर बेच्न पाउने गरी निर्णय गरेका हौं,' निर्देशक उपाध्यायले भने । निगमले सञ्चालक समितिको निर्णयअघि बुधबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिल सिन्हासँग छलफल गरेको थियो । योसँगै सिन्हले ग्यास अभाव हुन नदिन आवश्यक व्यवस्था गर्न निर्देशन दिएका थिए । निगमले अनावश्यक भण्डारण घटाउन यो नीति अपनाएको समेत जनाएको छ ।

■■■

### सहज रूपमा...

सरकारलाई विपक्षी बनाई दर्ता गरिएको उक्त रिटको पेसी शुक्रबारका लागि तोकिएको छ । गत माघको पहिलो हप्तादेखि नै बजारमा ग्यासको हाहाकार भए पनि आयल निगमले अभाव नरहेको दाबी गर्दै आएको तर वास्तविकतामा उपभोक्ता भौँतारिनु परेको निवेदनमा उल्लेख छ ।

■■■

### इजरायल-इरान...

ठूलो संख्यामा नेपाली रहेको अवस्थामा जारी युद्धले कामदारको सुरक्षाका साथै नेपालजस्तो स्रोत मुलुकमा आर्थिक प्रभाव पार्न सक्ने जानकारहरूले बताएका छन् । पछिल्लो समय नेपाल भित्रने रेमिटयान्स (विप्रेषण) मा निरन्तर बढिरहेको अवस्थामा पश्चिम एसियाको युद्ध लम्बिए नेपालको विप्रेषण आप्रवाहमा असर पर्नुका साथै देशभित्र बेरोजगारीको दबाब बढ्न सक्ने जानकारहरूले बताउन थालेका छन् । युद्धको जोखिमकाबीच त्यहाँ भएका श्रमिकहरूले कामलाई पनि निरन्तरता दिइरहेको पाइएको छ। इरानको मिसाइल र ड्रोन आक्रमणका कारण आप्रवासी कामदारहरू बढी जोखिममा रहेको श्रम अधिकारकर्मीहरूले बताउँदै आएका छन्। उनीहरू आक्रमणमा परेको अवस्थामा पहुँचवाला या सम्पन्न नागरिकसरह उद्धार हुनबाटसमेत वञ्चित हुने खतरामा रहेको औंल्याइएको छ ।

#### 'पहिले श्रमिकको सुरक्षा, अनि व्यवसाय'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ यस विषयमा सजग रहेको अध्यक्ष भुवनसिंह गुरुङले पश्चिम एसिया क्षेत्रमा कार्यरत कामदारको सुरक्षा पहिलो प्राथमिकता हुनुपर्ने बताएका छन्। त्यहाँ कार्यरत श्रमिकसँग सम्बन्धित सबै कार्य सरकारले कूटनीतिक माध्यमबाट गर्ने भएकाले संघले समन्वयमा कुनै कसर बाँकी नराखेको उनले बताए ।

'हामी यस विषयमा एकदम सजग छौं । म आफैं दिनहुँजसो मन्त्रालयमा गइरहेको छु । तर पनि यो सरकारमार्फत कूटनीतिक रूपमा हुने काम हो,' उनले भने, 'सरकारले एकदम चनाखो भएर कन्ट्रोल टिम बनाएर काम गरिरहेको पाएका छौं । आवश्यक परेको ठाउँमा जुनसुकै भूमिका निभाउन हामी तयारी अवस्थामा छौं ।'

प्रमुख रोजगार गन्तव्यको आवागमन ठप्प हुँदा वैदेशिक रोजगार उद्योगलाई असर परेको बुझिन्छ। यद्यपि अहिले श्रमिकहरू प्राथमिकता रहेकाले व्यावसायिक पाटोलाई महत्त्व नदिएको गुरुङले बताए । 'त्यहाँ रहेका श्रमिकको अवस्था के हुन्छ भन्ने चिन्ताको समयमा व्यवसायीको पहिला प्राथमिकता श्रमिकहरू हुन्,' उनले भने, 'त्यहाँ सामान्य स्थिति आउनासाथ व्यवसाय सामान्य हुन थालिहाल्छ। पहिला श्रमिक सुरक्षित हुनपऱ्यो । त्यसपछि व्यवसायको कुरा गरौंला ।'


## युएइमा रोजगार

कम्पनी : LAFAYETTE GENERAL CONTRACTING - L.L.C- S.P.C.

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | LT. No. 339785 | चलानी नं. ६०२५३३९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOUR(BUILDER) | 8 | 0 | 1000 | ४०,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9801797200, 9808046424, 9819844263, E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/१९ मा दर्ता भएको **प्रा. लि. नं. १६९१३३/०७३/०७४** को श्री **एभरेष्ट राइनो ट्राभल प्रा. लि.** को मिति २०८२/११/२८ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/२९ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/११/१० मा स्वीकृत प्राप्त भई साविक कम्पनी **मोवाइल हाउस दमक प्राइभेट लिमिटेड** (प्रा.लि.न. २२९५७५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने ऋण तथा कर दायित्व आदि परिवर्तन नामको **भट्टराई काजी कन्स्ट्रक्सन प्राइभेट लिमिटेड**ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।


## साउदीमा रोजगार

कम्पनी : RASHF CAFE COMPANY FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339837 | चलानी नं. ६०२५३३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Counterman Food Serving | 2 | 0 | 1200 | ४७,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ७९७/०६५/०६६

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/२९ गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शान्ती नन्दन इङ्गलिस मेडियम स्कूल नेपालगंज** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इडेन भ्याली इङ्लिस स्कुल बाँके (प्रा.लि.नं. १३१६३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## साउदीमा रोजगार

कम्पनी : ANAF COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339780 | चलानी नं. ६०२५३३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ७०,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम इजाजत नं. ८३३/०६६/०६७


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२९ गते**

यस कम्पनीको मिति २०८२/११/२८ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अल अर्गानिक मार्ट प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हिमाली पहाडी मार्ट प्रा.लि. (प्रा.लि.नं. ३८१०५६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## मलेसियामा रोजगार

कम्पनी : COWBOY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | LT. No. 339939 | चलानी नं.६०२५३३८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale & Retail Worker | 10 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


NEW CENTURY — श्रम ईजाजत नं १८२६/०८२/८३

NEW CENTURY INTERNATIONAL RECRUITMENT PVT.LTD.
KMC-09, Sinamangal, Kathmandu, Nepal, Tel +977-1-5013575, Mob : 9743228445, 9801144185
E-Mail : newcenturyirsp@gmail.com, Website : www.newcentury.com.np


### बिमालेख हरायो

मिति २०८२/१०/०३ गते काठमाडौंदेखि भक्तपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : भक्त बहादुर मगर**
**ठेगाना : शेर्ना-७, ओखलढुंगा**
**बिमालेख नं.: २३०००४७५४**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८००९२०३२८**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको

#### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७९/०६/३१ मा दर्ता भएको प्रा.लि.नं. ३००९६१ को **काभ्रेली फुड प्रोडक्ट एण्ड म.म. हाउस प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बिमालेख हरायो

मिति २०८२/१०/०६ गते बसुन्धारादेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **LIC Nepal बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : पुर्णिमा लामा**
**बिमालेख नं.: 230000952**
**ठेगाना : बौद्ध-६, काठमाडौं**
**सम्पर्क : ९८४१२३४३७३**

### गरुडा ट्रेडिङ प्रा.लि.खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

**प्रकाशित मिति २०८२/११/२९ गते**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/६/७ मा दर्ता भएको प्रा.लि.नं.२४२७६१ रहेको यस **गरुडा ट्रेडिङ प्रा.लि.** को शेयर धनीको मिति २०८२/११/२८ मा बसेको सञ्चालक समितिको विशेष साधरणसभाबाट यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रही कम्पनीको खारेजी (लिक्वीडेसन्) प्रक्रिया सुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्नु पर्ने ऋण, धन, अन्य दायित्व एवम् कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरी बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
अधिवक्ता : श्रवण कुमार श्रेष्ठ, दामासाही व्यवसायी इजाजतपत्र नं.४०४
लिक्वीडेटरको कार्यालय, बबरमहल, काठमाडौं

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २६८ माघ १३ गते २०८२ मा प्रकाशित मोटरसाइकल हराइएको सूचनामा सवारी धनी शुभप्रभा बचत तथा ऋण सहकारी संस्था लि.को ऋणी सुवास बुढाथोकीको च्यासिस नं. **MD2A13EY0JCD-52848** भएको मोटरसाइकलको बाइक नं. बा.९७ प ३२०१ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

### कात्तिके हेल्थ केयर प्रा.लि. (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना

*प्रकाशित मिति २०८२/११/२९ गते*

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७९/०३/०३ मा दर्ता भएको २९२५३७/०७८/०७९ को **कात्तिके हेल्थ केयर प्रा.लि.**लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८२/११/२६ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नुव्यहोर्नु पर्ने ऋण, धन एवम् कोही, कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले **३५ दिन**भित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा **हकदाबी** गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेशहरि अधिकारी, लिक्विडेटर**
दामासाही प्र.प.नं.-५४७
मोबाइल नं.९८४२६३८३६७

### सियान सीड सर्भिस सेण्टर लिमिटेड, काठमाण्डौको शेयर विक्रि सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/११/२९)

यस कम्पनीका संस्थापक शेयरधनीहरु श्री दीपेन्द्र केसरी न्यौपाने र श्री शुरेन्द्र वहादुर चन्दले आफ्नो नाममा दर्ता रहेको क्रमशः २५००/२५०० कित्ता शेयर प्रति कित्ता कर सहित रु. २६०।०० मा विक्रि गर्न पाउं भनि संचालक समिति समक्ष निवेदन दिनु भएको हुंदा कम्पनी ऐन २०६३ अनुसार कम्पनीमा हाल कायम रहेका शेयरधनीहरुलाई पहिलो प्राथमिकता दिई शेयर विक्रि गर्नु पर्ने ब्यवस्था बमोजिम २०८२ आषाढ मसान्तसम्म मौजुदा शेयरधनीहरु मध्ये इच्छुक शेयरधनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफूले खरिद गर्न चाहेको शेयर संख्या र रकम खुलाई चन्द्रागिरि नगरपालिका-७ स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। साथै विद्यमान कायम रहेका शेयरधनीहरुवाट खरिदका लागि कुनै निवेदन प्राप्त नभएमा अन्य ब्यक्ति वा संस्थालाई उक्त शेयर विक्रि गर्न सकिने समेत यसै सूचनावाट जानकारी गराइन्छ ।

थप जानकारीको लागि कार्यालयको फोन नं ०१ ४३१०२४५ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

### सुदूरपश्चिम प्रदेश सरकार
### सामाजिक विकास मन्त्रालय
### सेती प्रादेशिक अस्पताल
### धनगढी, कैलाली, नेपाल

#### बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/२९)**

यस अस्पताललाई आवश्यक पर्ने देहायको खरिद कार्य खुला बोलपत्र (E-GP) को माध्यमबाट गर्नका लागि बिद्युतिय बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

| सि नं | बोलपत्रको विवरण | बोलपत्र नं |
|---|---|---|
| १ | Procurement of Ration | SPH/NCB/Goods/ 05- 082/83 |

सूचनाको बिस्तृत विवरण www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

## Phalgunanda Rural Municipality
## Office Of Rural Municipal Executive
### Phaktep, Panchthar
### Koshi Province , Nepal

### Invitation For Electronic Bids.

**Date Of Publication: 2082-11-29**

1. The Phalgunanda Rural Municipality Office Invites Only Electronic Bids From Eligible Bidder's For The Procurement Of Following Project Under National Competitive Bidding Procedures Specified In Public Procurement Act And Regulation.

| Contract Identification No | Description of Works | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|
| PRMG/SQ/M/ 01/2082/83 | Procurement of medicine. | 45,000.00 | 1000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) |

2. Interested Bidders Should Be Submit Online Bids Electronically Only Through Ppmo E-Gp Portal Www.bolpatra.gov.np On Or Before The Submission Deadline Started In Respective Bid Document.

**Chief Administrative Officer**

### नेपाल सरकार
### स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
### आयुर्वेद चिकित्सालय
### नरदेवी, काठमाडौं

#### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८२/११/२९)**

यस चिकित्सालयबाट मिति २०८२/१०/२२ को नेपाल प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना (IFB No: NAHKTM/G/NCB/03-082/83) अनुसार ई-विडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव (Technical Bids) मिति २०८२/११/२४ मा खोलि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) उपनियम ४ बमोजिम मूल्यांकन हुँदा तपसिलको बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राहि देखिएकोले सोहि नियमको उपनियम (५) बमोजिम मिति २०८२/१२/०६ गते दिनको १२:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

क्र.सं.१. आर्थिक प्रशताव खोलिने बोलपत्रदाता (IFB No: NAHKTM/G/NCB/03-082/83/The Procurement of Supply Delivery and Installation of Anesthesia Work Station, OT Table and OT Light.

१. Harmony Medical System Pvt.Ltd., Kathmandu.

**अस्पताल प्रशासन**

# मुख्यमन्त्री शाहले घुस लिएको आरोप

■ जनार्दन उपाध्याय



**धनगढी–** सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले घुस मागेको आरोप लागेको छ । मुख्यमन्त्री शाहले धनगढीस्थित वरिष्ठ डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टलाई घुस मागेको आरोप लागेको हो ।

प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टीका संसदीय दलका नेता खगराज भट्टले यो घुस प्रकरणको निष्पक्ष छानबिन गर्न माग गरेको छन् । बिहीबार पत्रकार सम्मेलन गर्दै नेकपा संसदीय दलका नेता भट्टले भने, 'एक जना कर्मचारीले बोलेको विषयमा सञ्चार माध्यममा स्पष्टीकरण दिने कुरा होइन । संसद्को सार्वजनिक लेखा समिति छ, अख्तियार छ । अन्य थुप्रै छानबिन गर्ने निकाय छन् ।'

मुख्यमन्त्री आफैले भ्रष्टाचारप्रतिको शून्य सहनशीलता भन्ने नारा कायम गर्न नसकेको भट्टको दाबी रह्यो । 'गम्भीर आरोप लागेपछि किनारा लगाउन जुन गम्भीर्यता हुनुपर्ने थियो त्यो किन भएन ? उहाँले पाँच लाख घुस लिनुभयो भन्ने हाम्रो कुरा होइन,' भट्टले भने । वरिष्ठ डिजिनल वन अधिकृत भट्टले हालै एक अन्तरवार्तामा मुख्यमन्त्री शाहले आफूसँग पाँच लाख घुस मागेको तर दिन नसकेकै कारण डिभिजन वन कार्यालय धनगढीको प्रमुखबाट हटाएको आरोप लगाएका छन् ।

भट्टलाई ३० साउनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रमुख सचिवस्तरीय निर्णयले धनगढीबाट डिभिजन वन कार्यालय पहलमानपुर सरुवा गरिएको थियो । ऐनविपरीत सरुवा गरिएको भन्दै भट्टले उच्च अदालत दीपायलमा रिट दायर गरे । अदालतले सरुवाको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । तर भट्टलाई सरकारले प्रदेश वन निर्देशनालय तानेर कामकाजमा खटाएको थियो ।

मुख्यमन्त्री शाहले भने आफूले घुस नमागेको दाबी गर्दै आएका छन् । मंगलबार धनगढीस्थित सरकारी निवासमा केही सञ्चारकर्मीसँग शाहले उक्त आरोपबारे छानबिन गर्न सम्बद्ध निकायलाई आग्रह गरेका थिए । 'छानबिन गर्ने थुप्रै निकाय छन् । तत्काल छानबिन गरिदिनु पर्‍यो । म दोषी देखिए कारबाही भोग्न तयार छु,' शाहीले भने, 'होइन भने जथाभावी आरोप लगाउने कर्मचारीमाथि कारवाही हुनुपर्छ ।'

आर्थिक विवादमा फसेपछि तत्कालीन उद्योग पर्यटन वन तथा वातावरणमन्त्री रामेश्वर चौधरीलाई गत असारमा मुख्यमन्त्री शाहले बर्खास्त गरेका थिए । असारदेखि उक्त मन्त्रालयको जिम्मेवारी स्वय शाहले नै लिएका छन् ।


## मलेसियामा रोजगार

कम्पनी : **DINGTONG PRECISION SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | LT. No. 339984 | चलानी नं. ६०२५३३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production/General Workers | 36 | 84 | 1700 | ६३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ANEKA INTERTRADE MARKETING SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339791 | चलानी नं. ६०२५३३८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 40 | 0 | 1700 | ६३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAN ENGINEERING AND ELECTRICAL SUPPORT SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339893 | चलानी नं. ६०२५३३८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator for Factory | 35 | 0 | 1700 | ६३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**B.M. Overseas Pvt. Ltd.**
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

श्रम ईजाजत नं. ३८५/०५९/०६०


## Lamkichuha Municipality
### Office of Municipal Executive
**Bhalka, kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Online Bids

*Date of publication: 2082/11/29*

1. Lamkichuha Municipality invites electronic bids from duly eligible and qualified registered bidders for the procurements of following works under NBC Single stage Single Envelope bidding procedures. Name and identification of the contracts are mentained below through the details are in the bidding documents.

| S. N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS. (Non-Refundable) | Estimated Amount RS.(inclusive VAT &Contingencies) |
|---|---|---|---|---|---|
| 1. | 12/LCM/W/ 2082/083 | Ward n. 1 ,2 ko bibhinna sthanka Bato (ti-kapur road ko purb tir ra pachiam, telcome uthar bato and motipur rajmarga ko utar dakshim bato marmat thata sambaar | 110000.00 | 3000.00 | 4285897.78 |

2. All Eligible Bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2082/12/29. Detail electronic bid submissionprocedure is as e-GP directives of PPMO. Further information can be obtained from www.bolpatra.gov.np/egp or from Lamkichuha Municipaality Bhalka, Kailali, Email: lamkicm@gmail.com

**Chief Administrative Officer**

## फेदाप गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/२९**

यस फेदाप गाउँपालिकाको लागि आ.व. २०८२/०८३ मा स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित योजना बोलपत्र प्रकृयाबाट सञ्चालन गर्नु पर्ने भएको हुँदा इच्छुक सप्लायर्सबाट रितपूर्वकको E-Bidding (विद्युतिय वोलपत्र) आह्वान गरिएको छ ।

| क्र.स | ठेक्का नं. | ठेक्का विवरण | ल.ई. रकम (मु.अ.कर सहित) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | वोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | PHRMNCB/ 2082/083/10 | Construction of Samdu Ma.Vi School Building Phedap-04 (2 Storey 4 Classess Room) | ८७,७६,२०७.३३।- | २,२५,०००।- | E-Bidding | ३,०००।- |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन दिनको १२ बजे भित्र E-Bidding (विद्युतिय बोलपत्र) www.bolpatra.gov.np को माध्यमवाट बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र दस्तुर वापतको रकम फेदाप गा।पा।पोक्लावाङ स्थित नविल वैंक फेदाप शाखामा रहेको आन्तरिक राजस्व खाता ग १.१ २३२०१०१७५०००३९ मा मिति २०८२/१२/२९ गते भित्र जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ।
२. विद्युतिय बोलपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्वर, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा पत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको फेदाप स्थित नविल वैंक फेदाप शाखामा रहेको धरौटी खाता नम्वर ग ३ धरौटी खाता नं. २३२०१०१७५०००२५ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त 'क' श्रेणीको बाणिज्य वैंकबाट जारी गरेको विडवण्ड (बोलपत्रमा जमानत) पेश गर्नु पर्नेछ ।
३. विद्युतिय बोलपत्र २०८२/१२/२९ गते दिनको १२ बजे भित्र पेश गरि सक्नु पर्ने छ । बोलपत्र मिति २०८२/१२/२९ गते दिनको १ वजे नियमानुसार खोलिनेछ ।
४. विद्युतिय बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।
५. म्याद नाघी आएको वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
६. दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार फेदाप गाउँकार्यपालिकाको कार्यालय, पोक्लवाङ , तेह्रथुममा निहित रहनेछ ।
८. माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ ।
९. थप जानकारी लिन चाहेमा कार्यालय समयभित्र फेदाप गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ।
१०. यस सूचनामा परेका बिषय यसै बमोजिम नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियमावली तथा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.
**Mega Dream Multipurpose Co-Operative Ltd.**

**प्रधान कार्यालय** बालाजु-१६, माछापोखरी, काठमाडौं फोन नं. ०१-४३८७६१५, ४३८७६१६
**सदस्य सेवा केन्द्र :** कालिमाटी, काठमाडौं फोन नं. ०१-४२०३३३८ ४६७१२७३
**चाबहिल, काठमाडौं** फोन नं. ०१-४४६८१९५, ४४८२२११
**न्युरोड, काठमाडौं** फोन नं. ०१-४२४०५४९
**गोकर्णेश्वर, नारायणटार, काठमाडौं** फोन नं. ०१-४९१११०२, ४९१८१०३

### डाँक बढाबढद्धारा धितो सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**(अन्तिम पटक सूचना प्रकाशित मिति: २०८२/११/२९)**

यस संस्थाबाट तपशीलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न मितिमा तपशील बमोजिमको सम्पत्ति धितो राखी लिएको कर्जाको साँवा, व्याज र हर्जना रकम लिखत शर्त बमोजिम तोकिएको भाखा म्यादभित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरूको उल्लंघन गरेकोले कर्जा चुक्ता गर्न वारम्वार मौखिक एवं लिखित पत्रद्धारा ताकेता गर्दा समेत ऋणी एवं जमानीकर्ताले तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, व्याज र हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएकाले प्रभाव राष्ट्रिय दैनिकमा क्रमश मिति २०८१ श्रावण २६ गते कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना, मिति २०८१ असोज १ गते धितो सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना र मिति २०८२ मंसिर २८ गते धितो सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सूचना प्रकाशित गरिएकामा ऋणीले कर्जाको बाँकी बक्यौता चुक्ता नगरेको र कसैको बोलकवोल समेत पर्न नआएकोले पुनः यो डाँक बढाबढद्धारा धितो सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः ऋणी तथा धितो जमानीकर्ताले कर्जाको बाँकी बक्यौता रकम यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र चुक्ता गर्नु हुन अनुरोध गरिएको छ । सो अवधिभित्र पनि संस्थाको लेना रकम चुक्ता भुक्तानी नगरेमा सूचना प्रकाशित भएको मितिले ८औ दिन अर्थात मिति २०८२ चैत्र ६ गते शुक्रबार यस संस्थाको कार्यालय काठमाडौं महानगरपालिका-१६, माछापोखरी काठमाडौंमा दिनको ११:०० बजेदेखि धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि डाँक बढाबढ गरिने भएकोले इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूलाई उल्लेखित मिति र समयमा डाँक बढाबढमा सहभागी हुन आउनु हुन आब्हान गरिएको छ, उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दिनको ११:०० बजे डाँक बढाबढ गरिनेछ । साथै डाँक बढाबढमा कसैले भाग लिन नआएमा वा धितो सम्पत्ति कसैले सकार नगरेमा वा ऋणी वा धितोदाताले समेत कर्जाको साँवा व्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम चुक्ता नगरेमा सहकारी ऐन, नियमावली, अन्य प्रचलित कानुन एवं यस संस्थाको विनियम र ऋण नीतिले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो सम्पत्ति संस्था आफैंले सकार गरि लिन सक्ने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री वा संस्था स्वयंले सकार गर्दापनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी वा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्ति समेतबाट बाँकी लेना रकम असुल उपर गरी ऋणी, धितोदाता र जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोदाता, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपशिल**

| क्र. सं. | ऋणीको विवरण | धितोदाता र लिलाम बिक्री गरिने धितोको विवरण |
|---|---|---|
| १ | ऋणीको नाम: **मणि कुमार श्रेष्ठ**<br>बाबुको नाम: **भक्त बहादुर श्रेष्ठ**<br>बाजेको नाम: **नर बहादुर श्रेष्ठ**<br>पत्नी: **अस्मिता श्रेष्ठ**<br>स्थायी ठेगाना: **गाविस कुन्चोक वडा नं. २ सिन्धुपाल्चोक**<br>नागरिकता नं: **१९८७१/१०४४७०, सिन्धुपाल्चोक**<br>जारी मिति: **२०५८/०१/०९** | जिल्ला भक्तपुर सुडाल गाविस वडा नं.३ (ङ) साबिक कित्ता नं.११९६ को हालको कित्ता नं.१२७० को क्षे.फ.०-४-१-० (रोपनी), १३५.११ व.मि.रहेको छ । |

**शर्तहरू:**
१. डाँक बढाबढमा भागलिन तोकिएको मिति र समयमा तोकिएको स्थानमा उपस्थित हुनुपर्ने छ ।
२. डाँक बढाबढ हुनुभन्दा अघि संस्थाले लिलाम गर्ने सम्पत्तिको न्यूनतम मूल्य निर्धारण गरि सार्वजनिक गर्नेछ । सोही न्यूनतम मूल्यभन्दा घटी नहुने गरी वोलकवोल सुरू गर्नु पर्नेछ ।
३. बोलकवोल गर्दा लिलामीको लागि सूचना प्रकाशित गरिएको सम्पत्तिमध्ये कुनै एक वा एकभन्दा बढी वा एकमुष्ठ सम्पत्तिका लागि बोलकवोल गर्न सकिने छ ।
४. लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ८औं दिन दिनको ११:०० बजेदेखि प्रतिनिधिहरूको रोहवरमा संस्थाको कार्यालय काठमाडौं महानगरपालिका-१६, माछापोखरी काठमाडौंमा डाँक बढाबढ गरिने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दिनको ११:०० बजेदेखि डाँक बढाबढ गरिने छ ।
५. डाँक बढाबढमा कम्तिमा ३ जना व्यक्ति, फर्म, कम्पनी वा संस्थाका अख्तियारप्राप्त प्रतिनिधि उपस्थित भई वोलकवोलमा भाग लिनु पर्नेछ । कम्तिमा ३ जना वोलकवोलकर्ता सहभागी नभई डाँक बढाबढ हुने छैन ।
६. अधिकतम रकम वोलकवोल गर्ने वोलकवोलदाताको वोलकवोल स्वीकृत गरिनेछ ।
७. अधिकतम रकम वोलकवोल गर्ने वोलकवोलदाताले धरौटी वापत आफुले वोलकवोल गरेको रकमको १०% रकम उसैदिन संस्थामा बुझाउनु पर्नेछ ।
८. लिलाम हुने सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
९. लिलाम गरिने सम्पत्तिको बारेमा लिलाम हुने मितिभन्दा अगावै संस्थामा सम्पर्क गरी जानकारी लिन सकिने छ ।
१०. डाँक बढाबढ प्रकृया सम्पन्न भइसकेपछि वोलकवोल रकम र अन्य कुनैपनि विषयमा हेरफेर हुने छैन । लिलाम स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । लिलाम स्थगित, अस्वीकृत वा रद्ध भएमा धरौटी रकम फिर्ता दिइने छ ।
११. लिलाम स्वीकृत गर्दा अधिकतम अंकको वोलकवोल स्वीकृत गरिने छ । लिलाम स्वीकृत गरिएको बारे अधिकतम अंकको बोलकवोल गर्ने वोलकवोलदातालाई लिखित जानकारी दिइने छ ।
१२. लिलाम स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थालाई हूनेछ ।
१३. लिलाम स्वीकृत भएको जानकारी प्राप्त गर्ने वोलकवोलदाताले कवोल गरेको अंकको धरौटी वापत जम्मा गरेको रकम कटाई बाँकी ९०% वोलकवोल रकम लिलाम स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिनभित्र संस्थामा भुक्तानी नगरेमा धरौटी वापत राखेको रकम जफत गरी दोश्रो अधिकतम अंक बोलकवोल गर्ने बोलकवोलदाताको वोलकवोल स्वीकृत गर्न वा लिलामी कारवाही रद्ध गरी नियमानुसार पुनः लिलामी प्रकृया अघि बढाउन सकिने छ ।
१४. लिलाम सदर भई लिलाम गरिएको सम्पत्ति नामसारी तथा हक हस्तान्तरण हुनुभन्दा अगावै ऋणी वा धितोदाताले संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम संस्थामा बुझाएमा लिलामी प्रकृया रद्ध गरी वोलकवोलदाताले संस्थामा बुझाएको धरौटी तथा थप रकम समेत फिर्ता गरिनेछ । वोलकवोलदाताले संस्थामा जम्मा गरेको धरौटी तथा थप रकममा व्याज दावी गर्न पाइने छैन ।
१५. लिलाम बिक्री सम्बन्धी थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**थप जानकारीकालागि**
**मोवाइल नं. ९८५११६६८९४, ९१-४९८७६१५**, Email- megadream.saccos@gmail.com

## कृषि, पशुविज्ञान वा जडिबुटी बीमा अभिकर्ता तालिम सम्बन्धी सूचना

यस कम्पनीले निम्न मिति र स्थानमा कृषि बीमा अभिकर्ता तालिम संचालन गर्ने भएकोले निम्न बमोजिम न्यूनतम शैक्षिक योग्यता भएका कृषि, पशुविज्ञान वा जडिबुटि बीमा अभिकर्ता भै कार्य गर्न इच्छुक नेपाली नागरिकहरू एवं कृषि बीमा अभिकर्ता भै कार्य गर्न उद्देश्य भएका संस्थाहरूले यस कम्पनीको केन्द्रिय कार्यालयमा मिति २०८२/१२/११ को कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

| तालिम संचालन हुने स्थान | केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाडौंबाट भर्चुअल माध्यमबाट |
|---|---|
| तालिम संचालन हुने मिति | २०८२/१२/१६ गतेदेखि १८ गतेसम्म |
| तालिम संचालन हुने समय | १०:३० बजेदेखि ५:०० बजेसम्म |
| तालिम शुल्क | रु.३,०००। (अभिकर्ता इजाजतपत्र शुल्क समेत) |
| परिक्षा मिति र समय | २०८२/१२/१८ गते ४:०० बजेदेखि ५:३० बजेसम्म |
| अभिकर्ता प्रशिक्षार्थी संख्या | ५० जना (पहिलो आवेदन दिनेलाई ग्राह्यता दिइनेछ) |
| आवेदन दिने स्थान | नेको इन्सुरेन्स लिमिटेड, ज्ञानेश्वर, काठमाडौं, फोन नं. ०१-४५४२२६३ |

**कृषि, पशुविज्ञान वा जडिबुटी बीमा अभिकर्ताको लागी आवश्यक न्यूनतम योगता :**
१) एस.एल.सी वा सो सरहको परीक्षा उतीर्ण गरि कृषि वा पशु वा बनस्पति विज्ञानमा कम्तीमा एक बर्षको तालिम प्राप्त गरेको, वा
२) कृषि वा पशु वा बनस्पति विज्ञान बिषय लिइ टी.एस.एल.सी उतीर्ण गरेको, वा
३) प्राविधिक बिषय जस्तै कृषि वा पशु वा बनस्पति विज्ञान बिषय लिए एस.एल.सी वा सो सरह परीक्षा उतीर्ण गरेको ।

**आवश्यक कागजातहरू (नोटरीबाट प्रमाणित):**
(क) नागरिकता प्रमाणपत्र को प्रतिलिपी – १ (ख) शैक्षिक प्रमाणपत्रको प्रतिलिपी – १
(ग) चारित्रक प्रमाणपत्रको प्रतिलिपी – १ (घ) स्थायि लेखा नम्बरको प्रतिलिपी – १
(ङ) पासपोर्ट साइज फोटो – ४ प्रति

**नोट** : बीमा अभिकर्ताको लागि बीमा ऐन, २०७९ को दफा ९२ को उपदफा (२) मा बीमा अभिकर्ताले बीमा इजाजतपत्र प्राप्त गर्न परिक्षा उत्तिर्ण गर्नु पर्ने व्यवस्था भएकोले सो तालिममा सहभागि भएका तथा यस कम्पनीबाट अभिकर्ता तालिम लिएर अभिकर्ता इजाजत पत्र लिन बाँकि रहनु भएका व्यक्तिहरूले तालिम पश्चात संचालन हुने परिक्षामा सहभागी हुनको लागि सुचित गरिन्छ ।

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
MAKE A VISIBLE DIFFERENCE

**Head Office**
Beema Bhawan, Gyaneshwor, Kathmandu
Phone: 01-4542263, 01-4531462
Web: https://neco.com.np/

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेताले जित्दा हारेकी इनिसा

फागुन २१ गते देशभर शान्तिपूर्ण रूपमा मतदान भयो । भोलिपल्टबाट विभिन्न क्षेत्रमा चुनावी नतिजा सार्वजनिक हुँदै थियो । नतिजा आएसँगै विजेता उम्मेदवार र नेता कार्यकर्ता अबिर जात्रामा रमाए । तर सुर्खेतमा भने एक किशोरी बलात्कारपछि हत्याको सिकार बनिन् । वैदेशिक रोजगारको अन्त्य गरी देशमै रोजगारी सिर्जना गर्ने, सुरक्षा प्रणाली मजबुत बनाउनेदेखि महिलालाई न्याय दिने एजेन्डा बोकेर गएका दलका नेताहरू धमाधम विजेता बन्दै रमाएको बेला १६ वर्षीया इनिसा विकले भने हारेकी छिन् ।

यही बेला उनका बुवा इन्द्रबहादुर  छोरीको मृत्युको समाचार सुनेर दुबइबाट भारत हुँदै नेपाल फर्केका छन् । ६ वर्षदेखि दुबईमा रोजगारीको सिलसिलामा रहेका इन्द्रको धोको इनिसाको भविष्य बनाउनु थियो । दुबई प्रहरीमा बसेर दुबईको सुरक्षामा खटिएका इन्द्रकी छोरी इनिसालाई नेपाल सरकारले भने सुरक्षा नै दिन सकेन । उनको धोको पुरा नहुँदै इनिसा सधैंका लागि बिदा भएकी छिन् ।

हो, निर्मला पन्त प्रकरण झस्काउने गरी सुर्खेतमा १६ वर्षीया इनिसाको हत्या भएको छ । यो प्रकरणले पुन नेपाली समाजलाई स्तब्ध बनाइदिएको छ । कक्षा ११ पढ्दै गरेकी किशोरी फागुन २३ गते घरबाट ट्युसन पढ्न गएकी थिइन् । दिन बित्दा पनि घर नफर्किएपछि उनकी आमाले खोज्न जाँदा वनमा बेहोस अवस्थामा भेटिइएकी थिइन् इनिसा । तर अस्पताल पुग्दानपुग्दै इनिसाको मृत्यु भएको डाक्टरले घोषणा गरिदिए ।

इनिसालाई बलात्कारपछि हत्या गरेको खुलेको छ । मुलुक चुनावको परिणामतिर झुम्दा यो प्रकरणबारे शुरुमा थोरैलेमात्र थाह पाए । इनिसाको मृत्युको खबर एक कान दुई कान हुँदै अहिले सबैतिर पुगेको छ । यौन हिंसाका कारण उनको मृत्यु भएको हो । इनिसाको मृत्यु प्रकरणलाई लिएर सबैतिर आवाज उठेको छ । उनलाई न्याय दिन जुलुस र धर्ना शुरु भइसकेको छ । खासगरी सहरी क्षेत्र र सामाजिक सञ्जालमा इनिसाको न्यायको लागि आवाज बुलन्द पारिएको छ ।


यो घटना आफैमा नेपाली समाजको संरचनामाथि प्रश्न हो । सामाजिक न्याय, सुरक्षा संरचनामाथि पनि प्रश्न उठेको छ । महिला सुरक्षामा अविराम वाककला भएका दलका नेताहरूमाथि प्रश्न उठेको छ । मुलुकको संविधानमा समेटिएका महिला सुरक्षासम्बन्धी दफाहरूमाथि प्रश्न उठेको छ । दण्डहीनताको निरन्तरताले अपराधीको मनोबल बढेकै कारण यस्तो घटना दोहोरिएको प्रष्टै देखिन्छ । यसैले पनि नयाँ बन्ने सरकारले अब जघन्य अपराधमा शुन्य सहनशीलताको सिद्धान्त अपनाओस् र निर्मला, इनिसालाई न्याय दिने काममा अग्रमोर्चामा खटोस् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# बोध प्राप्तिको माध्यम ध्यान साधना



❑ नेत्र सुवेदी 'प्रयास'

"अपेक्षा इच्छा पनि दुःखको कारण हो । इच्छा कम गर्नका लागि इच्छाप्रतिको जागरूकता/सजगता आवश्यक हुन्छ । चाहना दुई किसिमको हुन सक्छ- निजी चाहना र परोपकारी चाहना । जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन् । त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ । वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो । ऊर्जाको सदुपयोगको विषय हो । मन स्थिर राख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फउन्मुख भइन्छ । बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो ।"

योगासन, प्राणायम र ध्यान एकपछि अर्को गरी अभ्यास गरिन्छ । योग र प्राणायम ध्यानका लागि पूर्वतयारी हुन् । वास्तवमा ध्यान लागेपछि शरीर हलुका महसुस हुन्छ भने मनमा शान्ति छाउँछ । सही अर्थमा ध्यानबाट आनन्दको अनुभूति हुन्छ । जुनसुकै काममा पनि ध्यानस्थ हुने क्षमता विकास हुन्छ । भनिएको छ कि ध्यान आफ्नो लक्ष्यप्राप्तिको हुनुपर्दछ । आफूतिर नफर्की ध्यान हुँदैन । खोजेको आनन्द सम्बन्ध, सम्पत्ति, शान्ति, बुद्धि केमा हो सोहीअनुसार ध्यान लगाउनुपर्दछ । ध्यानको अभ्यासमा हामीहरू बाहिरी जगतभन्दा पनि भित्री आकाशमा मन लगाउँछौं । हामीभित्रको आकाश सच्चिनान्द स्वरूपमा छ । त्यसैले भनिएको होला निराकारमात्र पूर्ण छ । आकाशको सीमा नभएजस्तै निराकार पनि विस्तृत छ, पूर्ण छ । उपनिषद्मा उल्लेख भएको 'ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥' ले इंगित गरेको पूर्णता अक्षुण छ अर्थात् आकाशबाट आकाश घटाउँदा शेष पनि आकाश नै रहन्छ । यही पूर्णता प्राप्तितर्फको अभ्यास हो ध्यान । ध्यानका लागि कुनै आसनमा बसेर आँखा चिम्लनु पर्दछ भन्ने छैन । जुन काममा संलग्न छौं त्यसैमा ध्यान लगाउनु पनि ध्यान नै हो ।

विभिन्न आध्यात्मिक मार्गहरूले जीवन जिउनुको उद्देश्यलाई आफ्नै ढंगले व्याख्या गरेको पाइन्छ । जस्तो कि भगवान् शिवको भाषामा कैविल्य, महर्षि पतञ्जलिको भाषामा निर्विकल्प समाधी र बुद्धको भाषामा निर्वाण प्राप्ति । मानव जीवनको उद्देश्य भनेको दुःखबाट मुक्ति र परमानन्द प्राप्ति नै हो । जीवनको यही उद्देश्य प्राप्तिका लागि ऊर्जा आवश्यक पर्दछ र सो ऊर्जाको सिर्जना र उपयोगका लागि पनि ध्यान आवश्यक पर्दछ । त्यसो त समृद्धिको पूर्वाधार भनेको पनि जीवन ऊर्जा हो । शरीरमा ऊर्जाको कमी भयो भने समृद्धि प्राप्तिको विषय खोक्रो सावित हुन्छ । ध्यान गरे पनि धन आर्जन गरे पनि आधारभूत विषय भनेको ऊर्जा हो । ऊर्जामा मूलतः तीनवटा पक्ष सँगसँगै रहन्छन् । पहिलो हो- शारीरिक शक्ति, जुन हामीमा कायम गर्दै मजबुत हुनुपर्ने हुन्छ । दोस्रो हो- मानसिक शक्ति जुन शक्ति विचार, इच्छाशक्ति र सन्तुलनका लागि आवश्यक छ । तेस्रो हो- भाव शक्ति जसबाट केही प्राप्ति भएको अनुभूति हुन्छ । यी तीनवटै शक्तिको जग भनेको चेतना शक्ति हो । हामीले बोलीचालीको भाषामा यसलाई 'होस' पनि भन्दछौं । चेतना जागृत गर्ने र प्रयोग गर्ने कला नै ध्यान हो ।

## ध्यान गर्ने प्रक्रिया र पूर्वःसर्त

धेरैले आफ्नो काममा एकाग्रता भएन भन्छन् । एकाग्रता भनेको एउटा विषयमा ध्यान लगाउनु हो । एकाग्रता हुनु कुनै कामका लागि अनिवार्य त छ तर पर्याप्त भने नहुन सक्छ । चेतना वा सजगता भने एकाग्रताभन्दा पनि उच्चस्तरको शक्ति हो । ध्यान सम्बन्धमा रचित गीतको लाइन 'साक्षीपूर्ण चेतनाले जाने जति ज्ञान भयो, प्रेमपूर्ण भावनाले छानेजति ध्यान भयो'बाट ध्यानका लागि चेतना र प्रेम सँगसँगै चाहिन्छ भन्ने बुझ्न सकिन्छ । ध्यानलाई आनन्द प्राप्तको माध्यम वा बाटो मान्ने हो भने बोध भनेको आनन्द प्राप्तिको अवस्था वा गन्तव्य हो । बोध भनेको वास्तविक योग तथा ध्यान अभ्यासमात्र नभई त्यो भन्दा पनि गहिरो विषय रहेछ । 'आफूप्रति सजग भई ध्यान गर्दै छु म, ध्यानप्रति सजग भई बोध गर्दै छु म' भन्ने जीवन विज्ञानसम्बन्धी गीतको लाइनबाट पनि बोध भनेको ध्यान गहिरिँदै जाँदा पुगिने चरण र नतिजा रहेछ भन्ने बुझिन्छ ।

ध्यानका लागि आसनमा बस्दा पवित्रता, अभयता र सजगता यी तीन विषय ख्याल गर्नुपर्दछ । ध्यानका बखत आँखा खोल्दा अरुलाई देखिन्छ भने आँखा बन्द गरेपछि आफैंलाई देखिन्छ । ध्यान भनेकै भित्रबाट परिवर्तन गर्ने विधि हो । यसका माध्यमबाट जीवनमा सकारात्मकता, स्वस्थता र आनन्द प्राप्ति सम्भव हुन्छ । भनिन्छ कि सुख दुःखका कारण हामी आफैं हो र ध्यान आफूतिर फर्काएर नयाँ दृष्टिकोणका साथ सरल समाधान खोज्ने विधि हो । त्यसै भनिएको हैन 'मनको ढोका खोलेर भित्र जाउँ, हृदयमा भेटिन्छ शान्त ठाउँ' भनेर । जसरी खाना खाँदा अघाइन्छ र सन्तुष्टि प्राप्त हुन्छ, त्यसैगरी ध्यानबाट आनन्द प्राप्ति हुन्छ । तर पवित्रता, अभयता र सजगताको त्रिवेणीमा निष्ठा र धैर्यतापूर्वक साधना गर्न जरुरी हुन्छ ।

मभित्र के भइरहेको छ थाहा पाउन सुरु गर्नु ध्यानको पूर्वसर्त हो । ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्दछ । जे गर्न नि चेतना चाहिने र चेतनाको सहज प्राप्तिको बाटो नै ध्यान । चार अक्षरको शब्द सजगता ध्यानको पहिलो चरण हो यसले मनमा जे चलिरहेको छ थाहा पाउन मद्दत गर्दछ । सजगताका तीन गुण अहिले, अप्रतिक्रियात्मक र अध्ययन हुन् । सजगताका पाँच तह छन् । पहिलो सजगता श्वासप्रति, दोस्रो शरीरप्रति, तेस्रो आत्मगुफाप्रति, चौथो गुरूप्रति र पाँचौं सजगता ईश्वरप्रति हुनुपर्दछ । हामी ध्यान गर्दा आफैंले अनुभूत गर्दछौं, जबकि पुस्तक पढ्दा भने अरुको विचार पढिन्छ । ध्यानले जागेको ऊर्जालाई स्थिर बनाउँछ ।

जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्दछ । यसका लागि दिव्य नवव्रतको पालना आवश्यक पर्दछ । यदि यी नवव्रतमध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ । नौवटा गुणहरू रहेको दिव्य नवव्रत संकल्प साथसाथै पालनाको विषय पनि हो । ती गुणहरू भनेका सत्यता, स्वाध्याय, निहंगकारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन् ।

## ध्यानबाट बोधतिर

बोधप्राप्तिका लागि ध्यान गरिरहँदा सजगताप्रति भन्दा मुख्य दुईपक्ष हुन सक्छन्- म कि अरु । अरूप्रतिको सजगतामा प्रेम जरुरी छ जहाँ भय रहँदैन । आफूप्रतिको सजगताका लागि स्वाध्याय आवश्यक पर्दछ जसको सरल अर्थ भनेकै आफ्नो अध्ययन हुन्छ । त्यस्तै आफूप्रतिको सजगता बढ्दै गयो भने ध्यान बोध बन्दछ ।

आफ्नो अध्ययन कसरी भन्ने प्रश्न उठ्न सक्छ । यसका दुई तरिका छन् । मेरो मन विचार कस्तो छ, राम्रा नराम्रा कस्ता कुरा खेल्छन् ? बानीव्यहोरा के छन् ? यो पहिले त आफैंले बुझ्न जरुरी छ । दोस्रो पक्ष भनेको अरूप्रति गरिने व्यवहार हो । आफूलाई जुनसुकै व्यवहार गर्ने किन नहोस् अरूप्रति व्यवहार गर्दा प्रतिक्रिया व्यक्त नगरेर त्यस्तो व्यवहार किन गऱ्यो भन्ने पत्ता लगाउनु पनि स्वाध्याय हो । के बुझ्न जरुरी छ भने हामीलाई दुःखले जति सताएको छ, त्योभन्दा बढी सुखले पनि सताएको छ । सुख पनि दुःखमा परिवर्तन हुन्छ । जस्तो कि आफूलाई माया गर्ने व्यक्तिको देहान्त भयो भने हामी दुःखी हुन्छौं । आफैंमा समाहित हुनुमात्र आनन्द हो, यो मात्र स्थायी रहन्छ । आममानिस दुई प्रकारका हुन्छन् । पहिलो बाहिरतिर खोज्ने अर्थात् सांसारिक र दोस्रो ध्यानी ।

आफूप्रति सजग हुँदै गयो भने कुनै बिन्दुमा पुग्दा शून्यता फेला पर्दछ, त्यहाँ दुःख हुँदैन न त सुख नै हुन्छ । भनिन्छ कि सजग व्यक्ति जीवन जिउन जान्ने व्यक्ति हो । सजगतापश्चात् फेला पर्ने शून्यता नै बोध हो । अकम्पको अनुभवलाई शून्यता पनि भनिन्छ । शून्यताका तीन गुणका रूपमा निर्विचार, निराकार र निःशब्द रहेका छन् । आँखा बन्दा गर्दा दुई आँखीभौंका बीचमा जे देखिन्छ त्यो नै आत्मगुफा हो । यसलाई आन्तरिक आकाश पनि भनिन्छ । सुरुमा पूरै अँध्यारो र क्रमशः उज्यालो देखिन्छ । यसरी देख्ने भनेकै शिव नेत्रले, तेस्रो आँखाले हो । यसैलाई वेदमा व्योमा भनिन्छ ।

पुराणमा यसलाई बृन्दावन भनिन्छ भने शिवपुराणले कैलाश र मृगस्थली दुबै प्रयोग गरेको पाइन्छ । उपनिषदमा भने यसलाई अरण्य भनिन्छ । विज्ञानको जगत्मा यसलाई क्वान्टम फिल्ड, द युनिफाइड फिल्डजस्ता शब्द प्रयोग हुन्छन् । आत्मगुफालाई सन्ध्या पनि भनिन्छ । आत्मगुफा भनेको हाम्रो असली परिचय हो अनि मभित्रको म हो । म कै आध्यात्मिक नाम आत्मगुफा हो । आत्मागुफालाई सूक्ष्म शरीर, देह पनि भनिन्छ । मृत्युपश्चात् पनि आत्मगुफा मर्दैन । 'आँखा छोपे अँध्यारो देखिन्छ, अँध्यारोमै मूल ज्योति भेटिन्छ' भनेझैं गहिरो साधनाबाट मात्र बोध प्राप्ति सम्भव हुन्छ ।

## सेवाभाव र दृव्यदृष्टि प्राप्ति

अपेक्षा इच्छा पनि दुःखको कारण हो । इच्छा कम गर्नका लागि इच्छाप्रतिको जागरुकता/सजगता आवश्यक हुन्छ । चाहना दुई किसिमको हुन सक्छ- निजी चाहना र परोपकारी चाहना । जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन् । त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ । वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो । ऊर्जाको सदुपयोगको विषय हो । मन स्थिर राख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फउन्मुख भइन्छ । बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो । सञ्जयले धृतराष्ट्रलाई कुरुक्षेत्रको घटना हस्तिनापुर बसेर सुनाउँदा पनि दिव्य तेस्रो आँखाको सहारा लिएका थिए । महर्षि व्यासले सञ्जयलाई सिकाएका थिए यो । दिव्यदृष्टिलाई तेस्रो नेत्र पनि भन्न सकिन्छ ।



गुरूप्रतिको सगताको पनि विशेष महत्त्व हुन्छ । गुरु भनेको हृदयमा आकाश, मुस्कानमा वैकुण्ठ, बोलीमा वेद र पुराण धारी हुन्छन् । त्यस्तै गुरुका लागि शिष्य भनेका एकमात्र देवता, एकमात्र प्रेम, एकमात्र भविष्य र एकमात्र आशा हुन् । अर्कोतर्फ शिष्यले आफूसँग भएको लोभ, रिस, इर्ष्या, डर, तनाव, कुलत गुरुलाई अर्पण गर्दछ । त्यस्तै धनले किन्न नसकिने इमान्दारिता, समर्पण र निष्ठा पनि प्रकट गर्दछ । कसैले नलिने आँसु, अहंकार, असुरक्षा, अशान्ति पनि गुरुले लिन्छन् । सत्यता, सेवाभाव, मधुरवाणी, मुस्कान भए गुरु खुसी हुन्छन् । गुरूप्रतिको सजगतालाई नित्यावतार पनि भनिन्छ ।

साधना र सेवामा सहकार्यबाट शक्ति उत्पन्न हुन्छ । सफल जीवनका लागि ध्यानको गहिराई र सेवाको उचाइ दुवै आवश्यक पर्दछ । ध्यानको समुद्र र सेवाको सगरमाथा भएमा कर्मसिद्धि र सफल जीवन सम्भव हुन्छ । अनुसन्धानले पुष्टि गरेअनुसार योग ध्यान गर्नेको स्मरण क्षमता नगर्नेको तुलनामा १४ गुणासम्म बढी भएको अनुसन्धानले देखाएको छ । त्यस्तै ध्यान गर्ने व्यक्तिलाई ४८ प्रकारका रोग त लाग्नै पाउँदैनन् टाढैबाट भाग्छन् ।

## अन्त्यमा

नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो । धेरै शास्त्रहरूले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरू, व्यक्तित्वहरूले समय खर्च गरेको हामी पढ्न पाउछौं तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन । नेपाल योग र ध्यानको जन्मभूमि हो । जसरी आफ्नो आमालाई कमजोर देख्नु हुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ । विगत १४ वर्षअघि स्थापना भएर सक्रिय रहेको जीवन विज्ञानका कार्यक्रम लोकप्रिय हुँदै गएका छन् भने अन्तर्राष्ट्रियस्तरको साधना केन्द्रका रूपमा धादिङको थाक्रे गाउँपालिकामा जीवन विज्ञान धाम पनि निर्माण हुँदै छ । *रासस*

पुल नहुँदा जोखिमपूर्ण यात्रा

# बाँसको पुलमै निर्भर मर्चवारका बासिन्दा

**भैरहवा (रूपन्देही)**– रूपन्देहीको मर्चवार क्षेत्रमा सम्मरीमाई गाउँपालिका-३ मा पर्ने भभइ-भटौलिया आसपासका बासिन्दा अझै पनि जोखिमपूर्ण आवतजावत गर्न बाध्य छन् । दानव नदीमाथि पक्की पुल नहुँदा स्थानीयले काठको अस्थायी डुंगा र बाँसको पुलको सहारामा दैनिक यात्रा गर्नुपर्ने अवस्था छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-१२ भभइका स्थानीय कोइल लोधका अनुसार नदीको यस वारि भटौलिया र पारि भभइ पर्छ । अहिले दुबे थुम्हवाका एक स्थानीय मल्लाहले बाँसको अस्थायी पुल बनाएर मानिसलाई नदी पार गराइरहेका छन् । 'उहाँले धेरै दुखजिलो गरेर पुल बनाउनुहुन्छ । यसले उहाँको रोजीरोटी पनि चलेको छ र हामीलाई पनि आउजाउ गर्न सजिलो भएको छ,' उनले भने, 'तर यहाँ पक्की पुल नहुँदा जहिले पनि जोखिम हुन्छ । पुल टुटने डरले मानिस घाइते हुन सक्छन्, सवारीसाधनको पनि क्षति हुन सक्छ ।'

उनका अनुसार यो बाटो अमहवादेखि बञ्जरी चोकसम्म जोडिने महत्त्वपूर्ण मार्ग हो । मर्चवारबाट सीधै कक्रहवा, लुम्बिनीहुँदै नेपाल-भारत सीमासम्म पुग्नका लागि पनि यही बाटो प्रयोग हुने भएकाले यहाँ पुल निर्माण अत्यन्त आवश्यक रहेको स्थानीयको माग छ ।

भभइकै अर्का स्थानीय धर्मेन्द्र लोध पुल नहुँदा वर्षायाममा समस्या झन् बढ्ने बताउँछन् । अहिले नदीमाथि बाँसको अस्थायी पुल बनाइए पनि वर्षा सुरु भएपछि त्यो पनि प्रयोग गर्न नसकिने अवस्था हुने गरेको उनको भनाइ छ ।

'अहिले त अलिअलि सुविधा छ, तर वर्षा लागेपछि हामी पानीमा हेलिएर हिँड्नुपर्छ,' उनले भने, 'यदि यहाँ पक्की पुल भइदिएको भए वर्षात्मा पनि सहजरूपमा आवतजावत गर्न सकिन्थ्यो । पुल नहुँदा कहिले अजमा, दुईमुहान त कहिले बर्डर हुँदै घुमेर जानुपर्छ ।'

स्थानीय कुमार लोधका अनुसार नदीको दुवैतर्फ बसोबास गर्ने किसानको खेतीपाती पनि नदीपारि भएकाले आवतजावत झन् कठिन बनेको छ । 'यस पारिका मानिसहरूको खेत उता छ भने उता बस्नेको खेतयता छ,' उनले भने, 'बाढी आउँदा त कोही पनि आउनजान सक्दैनन् । त्यसैले यहाँ पक्की पुल अत्यन्त आवश्यक छ ।'

स्थानीयको सहयोगमा नदीमाथि बाँसको अस्थायी पुल बनाउने काम एक मल्लाह परिवारले गर्दै आएको छ । पुल निर्माणका लागि उनीहरूले झण्डै एक महिनाअघि नै बाँस काटेर जम्मा गर्ने र करिब १५ दिन लगाएर पुल तयार गर्ने गर्छन् । तयार भएको पुल कुर्न बासमती मल्लाह दिनभरि घाटमै बस्छिन् । परिवारका तीन जनाले मिलेर पुल बनाएका बासमतीले दिनको कहिले १००, कहिले १५० त कहिले २०० रूपैयाँसम्म आम्दानी हुने गरेको बताउँछिन् । बाटो हिँड्नेले गच्छे अनुसार ५, १० वा २० रूपैयाँसम्म 'मल्लाही' तिर्छन् । 'यही घाटको आम्दानीबाट नून-तेल र घरखर्च चल्छ,' बासमतीले भनिन्, 'हामीसँग आफ्नै खेतीपाती छैन । यही घाट हाम्रो मुख्य आम्दानीको स्रोत हो ।'

उनले स्थानीयहरूले नगदमै केही रकम दिए पनि स्थानीयको हकमा भने धान, चामल, गहुँलगायतको जिन्सी (जिउका) लिने गरेको बताइन् । जिउकाबापत चारदेखि १० पाथीसम्म प्रतिघर अन्न पाउने गरेको उनको भनाइ छ । वरपरका १०-१२ गाउँका करिब एक हजार घरधुरीका मानिस यही बाटो प्रयोग गर्ने भएकाले यहाँ पक्की पुल निर्माण गर्न स्थानीयले वर्षौंदेखि सरकारसँग माग गर्दै आएका छन् । स्थानीयवासीका अनुसार बाँसको पुलले अहिलेसम्म यात्रालाई सम्भव बनाएको भए पनि स्थायी समाधानका लागि अब पक्की पुल निर्माण अपरिहार्य भएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## समानुपातिकतर्फ...

न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले बिहीबार साहको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै तत्काल कालोसूचीमा राख्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'कर्जा सूचना केन्द्र लिमिटेड पत्रबाट देखिएका सन्दर्भमा रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी भएको निर्णयको औचित्य पनि नहुने भएकाले प्रस्तुत निवेदनको अन्तिम टुंगो लाग्दा ठहरेबमोजिम हुने नै हुँदा हाल निवेदकलाई कालोसूचीमा राख्ने गरी भएको निर्णय, सो कामकारबाही कार्यान्वयन नगर्नु, नगराउनु ।' साहको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम परेको उल्लेख गर्दै निर्वाचन आयोगले उम्मेदवारी खारेज हुने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध साहले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

फागुन २१ गते भएको निर्वाचनमा धनुषा-१ बाट साह रास्वपाबाट उम्मेदवार बनेका थिए । फागुन १९ गते आयोगले उनको उम्मेदवारी खारेज गरेपछि साहले सर्वोच्चमा रिट दायर गरेका थिए । निर्वाचनमा भने उनको निर्वाचन चिन्ह पनि समावेश गरिएको थियो । घन्टी चिन्हमा २० हजार ९१६ मत परेपछि यो विषय अन्योलमा परेको थियो ।

तर फागुन २५ गते आयोगले सबैभन्दा धेरै मत ल्याउनेमध्येका दोस्रो नेकपाका उम्मेदवार मातृकाप्रसाद यादवलाई निर्वाचित भएको प्रमाण दियो । यादवले १० हजार ४ सय २८ मत पाएका थिए । कांग्रेसका उम्मेदवार रामपल्टन साहले ९ हजार ४ सय ८५ मत पाएका छन् । एमालेका उम्मेदवार रामचन्द्र मण्डलले ९ हजार २ सय २० मत ल्याएका छन् । सर्वोच्चले यसबारे थप निर्णय आज सुनाउने भनिएको छ ।

## बिमालेख हरायो

मिति २०८२/१०/०५ गते शंखमुलदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको LIC Nepal बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : मिलन दाहाल**
**बिमालेख नं.: 110023505**
**ठेगाना : कुरुले तेनुपा-९, धनकुटा**
**सम्पर्क : ९८५११३४४५५**

## पेन्सन पट्टा हराएको सूचना

मिति २०८२/११/२५ गते काठमाडौं जिल्ला, कलङ्कीदेखि महाराजगञ्ज सम्म जाँदा मेरो निम्न व्यहोरा भएको पेन्सन पट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नामः नन्दराम रोका**
**पेन्सन पट्टा नं. : ५७६१०५**
**ठेगानाः त्रिवेणी–२, सल्यान**
**फोनः ९८५१४३३५२५**

## माइग्रेसन हरायो

मिति २०८२ /०९/२१ गते कोटेश्वर देखि ईमाडोलसम्म जाँदा मेरो निम्न व्यहोरा राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको (+2) तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : महिमा तोलंगे**
**रजिष्ट्रेसन नं.:** ८१३२३००४००१४
**माइग्रेसन सिम्बोल नं. :** २२३००३३४
**ठेगाना :** सिन्धुपाल्चोक
**सम्पर्क नं.:** ९७०३७४८६६५

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।११।०९ गते काठमाडौं जिल्ला, गणेशथान मन्दिर, लोलाङ्ग हाईट स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : पासाङ्ग सार्कि घले**
**बाइक नं.: बा.प्र. ०२– ०४९ प २५१३**
**च्यासिस नं.: MD2A13EX7NCM85715**
**इन्जिन नं. : DKXCNM 39947**
**ठेगाना : नौकुण्ड–१, रसुवा**
**सम्पर्क नं. ९८४३०१९३२८**

## मलेसियामा रोजगार

कम्पनी : **JSC SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339975 | चलानी नं. ६०२५३३१३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1700 | ६३९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP OF COMPANIES
Gov. LIC. 1245/073/74
**Raj Group Of Company Pvt.Ltd.**
Basundhara-3, Kathmandu, Nepal
Tel : +97715903550/15903664, Email : md@rajgroupnepal.com

## मलेसियामा रोजगार

कम्पनी : **GMP KAISAR SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/२८ | LT. No. 331778 | चलानी नं. ६०२४६२३६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Security | 76 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67
**AP OVERSEAS PVT. LTD**
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,
E-mail: info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## जापानमा रोजगार

कम्पनी : **ASEAN COOPERATIVE**

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339980 | चलानी नं. ६०२५३३३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रु. | | | | | | | |
| 1. | Construction Labouers | 3 | 0 | 204317 | १,९०,१४५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## Sunawarshi Municipality
## Office of The Municiple Executive

**Dainiya, Morang**
**Koshi Province, Nepal**

## Invitation For Sealed Quotation (Third Publication)

**Published date: 2082/11/29 (Mar. 13th, 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under Sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN KRISI/ 082/83-02 | sichaiko lagi 75% anudanma boring samagri kharid tatha jadan sahayog karyakram | 13,11,839.91/- | 35,000.00/- | 1,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138**

& For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178),** Rajaswa **(revenue) Shirshak No :14229**

4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2082/12/13 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2082/12/15. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Chaitra, 15, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**

## सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी

## आर्थिक बोलपत्र खोल्ने सम्बन्धि सूचना

**सूचना प्रकाशन मितिः २०८२/११/२९ (March 13, 2026)**

यस आयोजनाद्वारा मिति २०८२/१०/२३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक प्राप्त भएका बोलपत्रहरुको प्राविधिक मूल्यांकन हुँदा देहाय बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले निम्न मितिमा आर्थिक बोलपत्र खोलिने व्यहोरा सम्बन्धित सबैलाइ जानकारी गराइन्छ ।

बोलपत्र खोलिने मितिः २०८२/१२/०६ बिहान ११ बजे, स्थानः PUDBC, DOTI

| S.N. | Contract ID | Substantially responsive Bidders |
|---|---|---|
| 1 | PUDBC/DOTI/WORKS/ NCB/14-082/083 | 1. Ruru Construction Pvt.Ltd., Kathmandu |
| 2 | PUDBC/DOTI/WORKS/ NCB/15-082/083 | 1. CI-NSRD-Pratik JV, Budhinanda, Bajura |
| 3 | PUDBC/DOTI/WORKS/ NCB/16-082/083 | 1. CI-NSRD-Pratik JV, Budhinanda, Bajura<br>2. Purna Nirman Sewa, Bajura |
| 4 | PUDBC/DOTI/WORKS/ NCB/17-082/083 | 1. Betalmandu/OM Shiva JV, Bajura |

## निर्जीवन बीमा अभिकर्ताको आधारभुत तालिम सम्बन्धी सूचना

यस कम्पनीले बीमा व्यवसाय अभिबृद्धि गर्नका साथै स्वरोजगारको अवसर सृजना गर्ने उद्देश्यका साथ भर्चुअल माध्यमबाट निर्जिवन बीमा अभिकर्ताको आधारभुत तालिम संचालन गर्न गईरहेको व्यहोरा जानकारी गराउँदै, उक्त तालिममा सहभागि हुन इच्छुक व्यक्ति तथा संघ संस्थाका प्रतिनिधिहरूलाई कम्पनीको केन्द्रिय कार्यालयमा मिति २०८२/१२/०८ को कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

| तालिम संचालन हुने स्थान | केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाडौंबाट भर्चुअल माध्यमबाट |
|---|---|
| तालिम संचालन हुने मिति | २०८२/१२/१० गतेदेखि १२ गतेसम्म |
| तालिम संचालन हुने समय | १०:३० बजेदेखि ५:०० बजेसम्म |
| तालिम शुल्क | रु.३,०००। (अभिकर्ता इजाजतपत्र शुल्क समेत) |
| परिक्षा संचालन हुने मिति र समय | २०८२/१२/१२ गते ४:०० बजेदेखि ५:३० बजेसम्म |
| अभिकर्ता प्रशिक्षार्थी संख्या | ५० जना (पहिलो आवेदन दिनेलाई ग्राह्यता दिइनेछ) |
| न्युनतम योग्यता | १०+२/प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तिर्ण नेपाली नागरिक |
| आवेदन दिने स्थान | नेको इन्सुरेन्स लिमिटेड, ज्ञानेश्वर, काठमाडौं, फोन नं. ०१-४५४२२६३ |

**आवश्यक कागजातहरू (नोटरीबाट प्रमाणित):**
(क) नागरिकता प्रमाणपत्र को प्रतिलिपी – १
(ख) शैक्षिक प्रमाणपत्रको प्रतिलिपी – १
(ग) चारित्रक प्रमाणपत्रको प्रतिलिपी – १
(घ) स्थायि लेखा नम्बरको प्रतिलिपी – १
(ङ) पासपोर्ट साइज फोटो – ४ प्रति

**नोट** : बीमा अभिकर्ताको लागि बीमा ऐन, २०७९ को दफा ९२ को उपदफा (२) मा बीमा अभिकर्ताले बीमा इजाजतपत्र प्राप्त गर्न परिक्षा उत्तिर्ण गर्नु पर्ने व्यवस्था भएकोले सो तालिममा सहभागि भएका तथा यस कम्पनीबाट अभिकर्ता तालिम लिएर अभिकर्ता इजाजत पत्र लिन बाँकि रहनु भएका व्यक्तिहरूले तालिम पश्चात संचालन हुने परिक्षामा सहभागी हुनको लागि सुचित गरिन्छ ।

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
MAKE A VISIBLE DIFFERENCE

**Head Office**
Beema Bhawan, Gyaneshwor, Kathmandu
Phone: 01-4542263, 01-4531462
Web: https://neco.com.np/

# प्रभाव दैनिक

शुक्रबार, २९ फागुन २०८२ (Friday, 13 March 2026)


रूपशाला

## 'राम नाम सत्य'को एक्सनले भरिएको टिजर

'राम नाम सत्यः पर्दा भित्रको पर्दा'को टिजर सार्वजनिक भएको छ । एक्सन, सस्पेन्स, प्रेम र थ्रिलले भरिएको फिल्मको टिजरले फिल्मप्रति दर्शकको उत्सुकता बढाउने निश्चित छ । फिल्मको टिजरमा नायक विराज भट्टको यसअघि नदेखिएको एक्सन अवतार देख्न सकिन्छ । माइकल चन्दको निर्देशनमा तयार भएको यो फिल्मको टिजरले चैत्र २७ गते बक्स अफिसमा धमाका हुने संकेत गरेको छ । फिल्ममा विराजका साथमा सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुष सिंह ठकुरी, सुनिल थापा, प्रशान्त ताम्राकार, खुशी कार्की लगायतका कलाकारहरूको अभिनय छ । माइकल इन्टरटेन्मेन्टको व्यानरमा निर्माण भएको यो फिल्ममा उपेन्द्र शाही र स्वेता बिमलीको लगानी छ ।




# भक्तपुर फेस्टिभलमा २४ फिल्म प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं** – भक्तपुरको कला र साहित्यलाई विकास गर्ने र नयाँ फिल्मकर्मीलाई प्लेटफर्म दिने उद्देश्यले आगामी चैत ६ र ७ गते भक्तपुरमा 'भक्तपुर फिल्म फेस्टिभल' आयोजना हुने भएको छ ।

भक्तपुरका युवा फिल्मकर्मीहरू किरण किलम्बु, सफल वैद्य, स्मित गिरी, विकेश प्रजापति, सक्षम केसी, प्रवीण टक्की लगायतको समूहले यो महोत्सव आयोजना गर्न लागेको हो । महोत्सवका निर्देशक किरण किलम्बू रहेका छन् ।

'भक्तपुर हाम्रो जन्मथलो पनि हो । त्यसैले यहाँको सांस्कृतिक र कलालाई विकास गर्ने हेतुले हामीले यो महोत्सव भक्तपुरमा पहिलो पटक आयोजना गर्न लागेका हौं,' किलम्बुले भने । किलम्बु पवलद्यमका निर्देशक पनि हुन् ।



२ दिने यो महोत्सवमा २४ फिल्म देखाइनेछन् । नवीन सुब्बा निर्देशित 'गाउँ आएको बाटो' देखाउँदै महोत्सव सुरु हुनेछ । महोत्सवमा सुजित बिडारी निर्देशित 'ऐना झ्यालको पुतली' देखि अङ्कित पौडेलको 'सङ्ग अफ क्लाउड्स', किरण श्रेष्ठको 'एट एनोदर विन्टर', राजन कठेत र सुनीर पाण्डे निर्देशित डकुमेन्ट्री 'ढोरपाटन' लगायतका फिल्महरू देखाइनेछन् । सन्देश भुर्तेलको डकुमेन्ट्री 'मदर रेबिका' भने समापन फिल्म हुनेछ । त्यस्तै, महोत्सवमा २ नेवा संस्कृति समेटिएका फिल्म 'किजा पूजा' र 'नेवा बुद्धिजम इन नेपाल' पनि प्रदर्शन हुनेछ ।

महोत्सवका संयोजक स्मित गिरीका अनुसार स्वतन्त्र (इन्डी) फिल्मकर्मीका फिल्म र उनीहरूका फिल्मलाई प्लेटफर्म दिन पनि यो महोत्सवको आवश्यकता देखेर आफूहरूले यो महोत्सव सुरु गरेको हो ।

महोत्सव फिल्मकर्मी केशव पाण्डेले कथा लेखन सम्बन्धी कार्यशाला दिँदैछन् । महोत्सव सुरु हुने अघिल्लो दिन उनले यो कार्यशाला दिने भएका हुन् । महोत्सव भक्तपुरको कमल विनायकस्थित नेपाल भोकेस्नल एकेडेमीमा आयोजना हुँदैछ ।

## Bakaiya Rural Muncipality
## Office of Rural Municipal Executive

**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

## Invitation for Electronic Re-Bids

**Second Date of publication: March 13, 2026 (2082 Falgun 29)**

**Bakaiya Rural Muncipality, Hattisude, Makwanpur** invites electronic Re-bids from eligible bidders for below mentioned **Construction Works** under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Works | Average Annual Construction Turnover | Works experience of similar Size & nature | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|---|
| BRM/NCBW/ 11//082-083 | CONSTRUCTION OF COLD STORE, BAKAIYA-7 | NRs. 3,02,00,000.00 | NRs. 80,50,000.00 | 5,00,000.00 | 5,000.00 |

**Note: Site visit is strongly advised to bidder before submission of bid.**

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

## त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**गाईघाट, उदयपुर**

## प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/२९**

प्रस्तुत विषयमा यस नगरपालिका कार्यालयबाट मिति २०८२/०८/२९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तोकिएको मितिभित्र रितपूर्वक पेश हुन आएको बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रहरूको प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले तपसिलका सफल बोलपत्रदाताले पेस गरेको आर्थिक प्रस्ताव मिति २८८२/१२/०६ गते दिनको ११:०० यसै कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ. को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताहरू |
|---|---|---|---|
| 1. | TM-UDA-NCB-WORKS-1^/2082-083 | Construction of Municipal Hospital, Triyuga Municipality 05, Udayapur | a) Dynamic Construction Private Limited<br>b) Royal Construction<br>c) YSS-SB JV,<br>d) Jambudip Construction Pvt. Ltd.<br>e) Slate Bright Bull J.V<br>f) Rayush Uttara Joint Venture,<br>g) SNS REB-SRC JV<br>h) Bhagawati/Samyog JV<br>i) Gyan Jyoti Builders Pvt.Ltd.<br>j) K.S.M Services - J.S.S Engineering Services JV,<br>k) Dev Ganesh-Churiya JV, |

**प्रमुख प्रशासकीय अधिकृत**


## मलेसियामा रोजगार

कम्पनी : FOODIE OASIS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | LT. No. 339882 | चलानी नं.६०२५३३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 8 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## मलेसियामा रोजगार

कम्पनी : LEA JATI SECURITY SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२६ | LT. No. 333539 | चलानी नं. ६०२४७२१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CASTLE EMPLOYMENT SERVICE**
(Near Int'l Airport) Sinamangal Tower Ground Floor, Sinamangal-9, Kathmandu Tel: 015927299, 015927199
Email: doc.castleemployment@gmail.com, castleemplotment2025@gmail.com, Web: www.castleemploymentservice.com.np

श्रम इजाजत नं. १७९०/०८२/०८३

## साउदीमा रोजगार

कम्पनी : AL MASAR INTERNATIONAL TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | LT. No. 339798 | चलानी नं. ६०२५३३८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer truck driver | 5 | 0 | 1800 | ७०,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ६ गते (20th March 2026) मा हुनेछ ।

